नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

नेपाल सरकार प्रदेश प्रमुख सुदूरपश्चिम प्रदेश धनगढी, नेपाल

## मजदुर दिवस (मे १), २०२६ को शुभकामना सन्देश

मजदुर दिवस (मे १), २०२६ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सुदूरपश्चिम प्रदेशबासी एवम् सम्पूर्ण नेपाली श्रमिक दिदीवहिनी तथा दाजुभाइहरुमा सुख, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

सन् १८८६ मा अमेरिकाको सिकागोमा **"आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम"** भन्ने नारा सहित शुरु भएको मजदुर आन्दोलनको सम्झनामा सन् १८९० देखि हरेक वर्ष मे १ तारिखमा श्रमिक दिवस मनाउन सुरु गरिएको थियो। विश्वका मजदुरहरुले पर्वका रुपमा लिने यस दिवसलाई आफ्ना हक अधिकारको सुनिश्चितताको लागि सरकार र रोजगारदातालाई दवाव दिने उद्देश्यले विभिन्न कार्यक्रम गरि मनाउने गर्दछन् । श्रमजिवीहरुको पसिना, मेहनत र योगदानको कदर गर्दै श्रमको उचित मूल्याकन गर्नु नै श्रमिक प्रतिको सही सम्मान हो। नेपालका विभिन्न लोकतान्त्रिक आन्दोलनहरुका अलावा राष्ट्रको आर्थिक विकास तथा समुन्नतिका क्षेत्रमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने श्रमिक वर्गको योगदानको सम्मान गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो।

अन्त्यमा, यस दिवसले सम्पूर्ण श्रमजीवीहरुको हकहित, स्वतन्त्रता र सौदावाजी गर्ने क्षमताको संरक्षण गर्दै श्रमिक वर्गको वृहत्तर हितको लक्ष्य हासिल गर्ने तर्फ अग्रसर गर्न सकोस् भन्ने शुभेच्छा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद!

२०८३ बैशाख १८ गते शुक्रवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख